तादी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः २ मितिः २०७६/०३/०८

**भाग-२**

**तादी गाउँपालिका**

**विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा तादी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।**

# विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६

**प्रस्तावना**

संविधानको धारा ३५ मा व्यवस्था भएको स्वास्थ्य सम्बन्धी हकलाई मनन गर्दै गाउँपालिका क्षेत्रभित्रका नागरिकहरुको स्वास्थ्यसंग सम्बन्धित विभिन्न समस्या समाधान गर्दै विपन्न वर्गका नागरिकहरुलाई राहत, क्षतिपूर्ति तथा औषधि उपचार वापत आर्थिक सहायता उपलव्ध गराउन एक छुट्टै कोष स्थापना गर्ने उद्देश्यले कोषको गठन तथा संचालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ बमोजिम यो विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि बनाई लागू गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस निर्देशिकाको नाम विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ रहेको छ ।

(ख) यो निर्देशिका राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) “कोष” भन्नाले **विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष**लाई सम्झनु पर्दछ ।

(ख) “निवेदन” भन्नाले **विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष**बाट लाभ लिने लाभग्राहिले दिएको कार्य विधिको अनुसूची १ बमोजिमको निवेदन सम्झनु पर्दछ ।

(ग) “अध्यक्ष” भन्नाले तादी गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) “उपाध्यक्ष” भन्नाले तादी गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले तादी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) “आर्थिक रुपले विपन्न नागरिक” भन्नाले अनुसूची २ बमोजिमको आर्थिक अवस्था भएका विरामीहरुलाई सम्झनु पर्दछ ।

(छ) “कडा रोग” भन्नाले यस कार्यविधिको बुँदा ४ (क) मा उल्लेखित रोगहरुलाई सम्झनु पर्दछ ।

(ज) “स्वास्थ्य संस्था” भन्नाले अस्पताल, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकीलाई सम्झनु पर्दछ ।

(झ) “गाउँ सभा” भन्नाले तादी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(ञ) “गाउँ कार्यपालिका” भन्नाले तादी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ट) “वडा अध्यक्ष” भन्नाले तादी गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।
(ठ) “वडा सचिव” भन्नाले तादी गाउँपालिकाको सम्बन्धित वडाको वडा सचिवलाई सम्झनु पर्दछ ।
(ड) “वडा कार्यालय” भन्नाले तादी गाउँपालिकाका वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

**३. विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोषको उदेश्य :**

(क) स्वास्थ्य उपचार विशेष कोष संचालन सम्वन्धि प्रक्रियालाई सरल स्पष्ट र पारदर्शी वनाउने ।

(ख) जनताको स्वास्थ्यमा देखिने समस्यालाईनिवेदकको आर्थिक अवस्थाको आधारमा राहात उपलब्ध गराउने ।

(ग) गाउँपालिका क्षेत्रको कुनै भाग वा समुदायमा आउन सक्ने कुनै माहामारी, संक्रमण वा अन्य त्यस्तै प्रकारको स्वास्थ्य जोखिमको तत्कालिन न्यूनिकरणको लागि सहयोग पुऱ्याउने ।

(घ) नेपाल सरकारले निशुल्क रुपमा औषधि उपचार गराउने बाहेकका अन्य रोगको उपचारमा सहयोग गर्ने ।

(ङ) अति विपन्न तथा जेष्ठ नागरिकहरुको पीडादायी जीवनलाई सरल र सहज बनाउन सहयोग पुऱ्याउने ।

(च) आर्थिक विपन्नताले गर्दा स्वास्थ्य उपचार गर्न नसकेका विरामीहरुलाई स्वास्थ्य संस्था वा अस्पतालसम्म पुर्‍याई तत्काल हुने क्षतिबाट जोगाउने ।

## ४. विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायताको क्षेत्र

(क) आर्थिक रुपले विपन्न नागरिकहरुमध्ये मुटरोग, क्यान्सररोग, अल्जाइमर रोग, पार्किन्ससरोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकल सेल एनिमिया रोगका विरामीका साथै मृगौला रोगको युटएक्रेनल फेलियर (Acute Renal Failure) जस्ता कडारोग लागेका विरामीहरुलाई सरकारले तोकेका अस्पतालमा उपचार गराउँदा कोष सञ्चालन समितिको निर्णय बमोजिम एक जना व्यक्तिलाई एक पटक मात्र रु. २० हजारसम्मको औषधी उपचार सहुलियत उपलब्ध गराइनेछ ।

(ख) तादी गाउँपालिका भित्रमा कुनै वेवारिसे शव प्राप्त भएमा शव ढुवानी, पोष्टमार्टम र दाह संस्कार गर्ने प्रयोजनका लागि सम्बन्धित वडा कार्यालयको सिफारिसमा बढीमा रु. १०,०००। (दश हजार) सम्म सम्बन्धित वडा सचिवलाई पेश्की स्वरुप दिन सकिनेछ र सो रकमको नियमानुसार तोकिएको समयभित्र पेश्की फछ्र्यौट गर्नु पर्नेछ ।

(ग) स्वदेशमै उपचार गराउने विरामीले मात्र यस कार्यविधि अन्तर्गतको सुविधा एक पटक मात्र पाउनेछन् ।

(घ) विपन्न नागरिकहरुले औषधि उपचार सहुलियत प्राप्त गर्न अनूसूची १ बमोजिमको फाराम भरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(ङ) आवश्यक कागजात पूरा भएमा बुँदा ५ (च) बमोजिमको सिफारिस समितिले विरामीले मागेको औषधी उपचार वापतको खर्च तुरुन्त उपलब्ध गराउनेछ ।

(च) महामारी वा स्वास्थ्य सम्बन्धी कुनै प्रकोप आएमा कोषमा रहेको बचत रकमबाट समितिले निर्णय गरे बमोजिम रकम खर्च गर्न सकिनेछ ।

(छ) एक जना विरामीलाई एक भन्दा बढी तोकिएका कडा रोगको उपचारका लागि सिफारिस माग भएमा सोही बमोजिम एक पटक उपचार सहायता दिन सकिनेछ ।

(ज) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि माथि उल्लेख भए बाहेकका अन्य रोगका विरामीहरुको अवस्था हेरी गाउँपालिकाका अध्यक्षले रु. दश हजारसम्म उपचार खर्च प्रदान गर्न सक्नेछन ।

## ५. विपन्न नागरिक स्वास्थ्य उपचार विशेष कोषको संचालन समिति सम्बन्धी व्यवस्था :

(क) गाउँपालिकामा विपन्न नागरिक स्वास्थ्य उपचार विशेष कोष सञ्चालनका लाग देहाय बमोजिमको कोष सञ्चालन समितिको गठन हुनेछ :

(१) गाउँपालिकाका अध्यक्ष – संयोजक
(२) उपाध्यक्ष –सदस्य
(३) सामाजिक विकास समितिका संयोजक –सदस्य
(४) खरानीटार अस्पतालका चिकित्सक प्रतिनिधि –सदस्य
(५) स्वास्थ्य शाखा प्रमुख –सदस्य सचिव

समितिमा राहत कोषबाट राहत लिने लाभग्रहीको वडाको वडा अध्यक्ष र विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा सहमागी गराउन सकिनेछ ।

(ख) बुँदा ५ (क) बमोजिम गठित कोष सञ्चालन समितिको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ । उक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हूनेछ :

(१) विपन्न नागरिकहरुले उपचारको लागि आवश्यक कागजात सहित दिएको निवेदन संकलन गर्ने ।

(२) राहत माग गर्ने लाभग्राहीले अनुसूची १ बमोजिम पेश गरेको निवेदन र अन्य कागजातका आधारमा राहत दिन सकिने वा नसकिने व्यहोरा यकीन गरी सोही बमोजिम निर्णय गर्ने ।

(३) राहत वितरणको निर्णय गर्दा पुरानो विवरण केलाई एकै व्यक्तिलाई दोहोरो नपर्ने गरी मात्र स्वास्थ्य उपचार खर्च वितरण सम्बन्धी निर्णय गर्ने ।

(४) बाह्य श्रोतबाट स्वास्थ्य उपचार कोषमा रकम जम्मा गर्न पहल गर्ने साथै मौज्दात रकमको अवस्था हेरी थप रकम आवश्यक परेजुटाउन पहल गर्ने ।

(५) समितिको निर्णयबाट खर्च भएको औषधी उपचार कोषको खर्च रकमको विवरण महिना समाप्त भएपछि बस्ने गाउँ कार्यपालिकाको बैठकमा जानकारी गराउने ।

(ग) समितिको बैठक आवश्यता अनुसार बस्न सक्नेछ ।

(घ) समितिले यस कार्यविधि बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका विशेषज्ञ वा निकायसंग समेत परामर्श लिन सक्नेछ ।

(ङ) समितिका संयोजक र सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत गाउँकार्यपालिकाको बैठकमा भाग लिँदा पाए सरहको बैठक भत्ता पाउनेछन् ।

## ६. कोषको व्यवस्थापन र सञ्चालन :

विपन्न नागरिक स्वास्थ्य उपचार कोषको नाममा गाउँपालिकाले आफूले कारोवार गर्ने बैंकमा एउटा छुट्टै खाता खोली रकम जम्मा गर्नेछ । जसमा गाउँ सभाको निर्णयबाट देहायका रकमहरू जम्मा हुनेछन् :-

(क) गाउँपालिकाको आन्तरिक आयबाट विपन्न नागरिक स्वास्थ्य उपचार कोषका लागि छुट्याइने वार्षिक रकम ।

(ख) वित्तीय समानिकरण अनुदान रराजस्व बाँडफाँडबाट यस कोषमा जम्मा गर्न मिल्ने रकम ।

(ग) दातृ निकाय, गैरसरकारी संस्था, सामाजिक संघ संस्थाबाट प्राप्त हुने रकम ।

(घ) अन्य क्षेत्रबाट प्राप्त हुने रकम ।

(ङ) कोषको सञ्चालन अध्यक्ष प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाका अध्यक्ष वा निजहरुले तोकेको अन्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(च) गाउँ सभाबाट निर्णय भए बमोजिम एक आर्थिक वर्षका लागि एक पटक मात्र कोषमा एकमुष्ट रकम जम्मा गरिनेछ । तर, रकम अपुग भई कोष सञ्चालन समितिले माग गरेमा नियमानुसार रकम थप गर्न सकिनेछ ।

(छ) कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सोही प्रयोजन बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न पाइने छैन ।

(ज) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखावाट हुनेछ ।

(झ) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको विभागबाट हुनेछ ।.

(ञ) कोषको रकम खर्च गर्दा यस निर्देशिकामा तोकिएको कुरामा यसै निर्देशिका बमोजिम र अन्य कुराको हकमा तादी गाउँपालिकाको आर्थिक ऐन, २०७६ र सार्वजनिक खरीद ऐन, २०६३ तथा निमायवली २०६४ बमोजिम हुनेछ ।

## ७. लाभग्राहीले पेश गर्नु पर्ने निवेदन र अन्य आवश्यक कागजातहरु

१) विपन्न वर्गका विरामीहरुले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

२) निवेदनसाथ मेडिकल काउन्सिलमा दर्ता भएको डाक्टरको प्रेस्किप्सन तथा विलहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३) निवेदन र तोकिएका अन्य कागजातहरु प्राप्त भएपछि मात्र समितिको बैठकमा पेश गरिनेछ ।

## ८. खारेजी र बचाउ :

क) यस कार्यबिधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानिय सरकार संचालन ऐन २०७४, तादी गाउँपालिकाको आर्थिक ऐन र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ लगायत प्रचलित कानुनसँग बाझिन गएको हदसम्म स्वतः खारेज हुनेछ ।

ख) कुनै कारणबाट कोष संचालन हुन नसकेमा कोषको रकम गाउँपालिकाको संचित कोषमा स्वतः दाखिल हुनेछ ।

ग) हालसम्म औषधी उपचार सम्बन्धमा भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**(स्वास्थ्य उपचार कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ को दफा ..... संग सम्बन्धित**

## अनुसुची-१

श्रीमान् अध्यक्ष ज्यू

तादी गाउँपालिका ।

**<u>विषय :- स्वास्थ्य उपचार कोषबाट राहतका लागि निवेदन पेश गरिएको सम्बन्धमा ।</u>**

तादी गाउँपालिका वडा नं........... बस्ने ........................................... को श्रीमती/छोरा/ बुहारी/ नाति / नातिनी म ...... वर्षको ......................................... लाई ................................................रोग लागेको र उक्त रोगको उपचार गर्न मेरो आर्थिक हैसियत नभएकोले तपशिलमा उल्लेख गरिएका कागजातहरु संलग्न राखी गाउँपालिकाबाट सहायता रकम पाउन यो निवेदन पेशगरेको छु ।

**<u>संलग्न कागजातहरु :</u>**

१) नेपाली नागरिकताको प्रमाण पत्र को प्रतिलिपी

२) मतदाता परिचयपत्र

३) मेडिकल काउन्सिलमा दर्ता भएको मेडिकल अधिकृतको प्रेस्किप्सनरिर्पोट

४) विल भरपाईकोसक्कल विल थान.....

५) अन्य भए

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

मिति :

पुनश्च : स्वास्थ्य उपचार कोष संचालत तथा व्यवस्थापन समितिले आवश्यक ठानेमा वडा कार्यालयको सिफारिस समेत माग गर्न सक्नेछ ।

*अनुसूची २*

## विपन्न नागरिकका लागि आवश्यक पहिचान

**तल उल्लेखित अवस्थाका नागरिकहरुलाई वडा कार्यालयले विपन्न नागरिक भनी सिफारिस गर्नेछन् :**

(क) सम्बन्धित व्यक्ति वा परिवारको वार्षिक आम्दानीले ३ महिना देखि ६ महिनासम्म मात्र खान पुग्ने जुनसुकै उमेरका व्यक्ति ।

(ख) नेपाल सरकारले तोके बमोजिम वार्षिक औसत आम्दानी नभएको ।

(ग) स्वास्थ्य, शिक्षा र रोजगारमा पहुँच नभएको ।

घ) स्थानीय समाज तथा जनप्रतिनिधिबाट अति विपन्नताको सिफारिस भएमा ।

(ङ) राजनितिक आन्दोलनका क्रममा शहिद, घाइते तथा वेपत्ता भएका व्यक्तिहरुका परिवार ।

(च) विविध कारणवस विस्थापनमा परेका घरबार विहिन व्यक्तिहरु ।

आज्ञाले

(अशोक विष्ट)

प्रमुख प्रशासकीय अधिकृत